# रोल्पा नगरपालिका

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

नगरकार्यपालिकाबाट स्विकृत मिति

२०७७/०९/०५

रोल्पा नगरपालिकाको कार्यालय

लिबाङ, रोल्पा

# रोल्पा नगरपालिका

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व सम्वन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूती गरी महिला विरुद्धका सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ती दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसर द्वारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था भएअनुरुप रोल्पा नगरपालिकाले महिला माथि हुने सबै प्रकारका हिंसा विभेद गलत अभ्यास आदिका विरुद्धमा कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । हिंसा पीडितलाई तत्काल उद्दार गर्न, औषधि उपचार गर्न, कानूनी सहायता, मनोवैज्ञानिक उपचार लगायतका कार्य गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोश्रो संशोधन) नियमावली २०७६ को भावनाअनुरुप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदानमा प्राप्त रकम र स्थानीय तह लगायत अन्यत्र बाट प्राप्त रकम समेतलाई लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडितलाई तत्काल उद्दार र राहत तथा पुनर्स्थापना गर्ने, पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल सहज एवं एकरुप बनाउने उद्देश्यले यो कार्यविधि तर्जुमा गरी रोल्पा नगरपालिकाको नगरकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७" रहेको छ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२.परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "नगरपालिका" भन्नाले रोल्पा नगरपालिका सम्झनुपर्दछ ।

ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

ग) "कोष" भन्नाले नगरपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्दछ ।

घ) "रकम" भन्नाले रोल्पा नगरपालिकामा सशर्त अनुदान प्राप्त भएको रकम वा यसै कार्यविधिको दफा ३ अनुसार प्राप्त भै लैङ्गिक हिंसा निवारण कोषमा जम्मा गरिएको रकम सम्झनुपर्दछ ।

ङ)" पीडित" भन्नाले लैङ्गिक हिंसा पीडित वा प्रभावित सम्झनुपर्दछ ।

च) "तत्काल उद्दार तथा राहत समिति" भन्नाले पीडितलाई राहत तथा नगरपालिकामा गठित स्थानीय तत्काल उद्दार तथा राहत समिति लाई सम्झनुपर्दछ ।

छ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

## ३. कोषको स्थापनाः

१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) नगरसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) विदेशी व्यक्ति, अन्तरराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपदफा १ बमोजिमको रकम नेपाल बैंक लिमिटेडमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखत बाट हुनेछ ।

## ४. कोषमा रकम जम्मा गर्नेः

दफा ३ को उपदफा २ बमोजिमको रकम आवस्यकता अनुसार कोषमा जम्मा गर्नुपर्नेछ ।

## ५. कोषको उपयोगः

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) पीडितलाई तत्काल उद्दार गर्न,

ख) पीडितलाई औषधि उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालिन सेवाकेन्द्र सञ्चालनको लागि रकम प्रदान गर्न,

ङ) प्रदेश, जिल्ला वा अन्य स्थानीय तहमा स्थापना भई सञ्चालनमा भईरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्र सञ्चालनको लागि रकम प्रदान गर्न,

च) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

छ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागी व्यवसाय स्थापना खर्च रकम अनुदानका रुपमा प्रदान गर्न,

ज) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

झ) पीडितलाई पुनर्स्थापना गराउन,

ञ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ती त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ती स्वरुप भराउन लेखि आएमा क्षतिपूर्ती दिन ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तत्काल राहत तथा उद्दार समितिले लैङ्गिक हिंसा बाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:**

१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**७.स्थानीय तत्काल उद्दार तथा राहत समितिको गठन:**

१) पीडितलाई तत्काल उद्दार, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि एक स्थानीय तत्काल उद्दार तथा राहत समितिको गठन गरिनेछ ।

२) स्थानीय तत्काल उद्दार तथा राहत समितिको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | अध्यक्ष |
| ख) नगरपालिका उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) इलाका प्रहरी प्रमुख | सदस्य |
| ङ) स्थानीय गैरसरकारी संस्थाका प्रतिनीधिमध्ये अध्यक्षले मनोनित गरेको | सदस्य |
| च) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य-सचिव |

३) उपदफा २ बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

४) स्थानीय तत्काल उद्दार तथा राहत समितिको बैठक सम्वन्धि कार्यविधि सो समितिले आफै निर्धारण गरेबमोजिम हुनेछ ।

**८.स्थानीय तत्काल उद्दार तथा राहत समितिको काम, कर्तव्य र अधिकार:**

स्थानीय तत्काल उद्दार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**९.समितिको बैठक र निर्णय:**

१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको बैठकमा आवश्यकतानुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

८) समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

९) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

क) पीडितलाई तत्काल उद्दार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन ३०० रुपैंया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन ५०० रुपैयाँ का दरले बढीमा ५,०००रुपैयाँ सम्म,

ख) पीडितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन ३०० रुपैयाँ र अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बढीमा ५ दिनको बास खर्च बापत प्रतिदिन ५०० रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा ६,००० रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ग) पीडित सँग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम,

घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि ५,००० रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ङ) पुनर्स्थापनाको लागि बढीमा ५,०००रुपैयाँ,

च) हिंसापीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालनका लागि बस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति २०,००० रुपैयाँ,

छ) प्रदेश, जिल्ला वा अन्य स्थानीय तहमा स्थापना भई सञ्चालन भईरहेको तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालिन सेवा केन्द्रमा नगरपालिकाबाट हिंसापीडितलाई पुनर्स्थापना गराईएको भए र सो सेवा केन्द्र बाट माग भई आएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरेबमोजिमको रकम,

ज) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि अल्पकालिन सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरेबमोजिमको रकम,

२) उपदफा १ बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई ३,००० रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

## ११.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले दफा ८ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाईएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधी उपचार, पुर्स्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा र सञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

४) यो राहत तथा आर्थिक सहयोग यस नगरपालिका भित्रका पिडितलाई मात्र दिईनेछ र पिडित हो या होइन भनी सम्वन्धित वडा कार्यालयले पहिचान गरी सिफारिस गर्नुपर्नेछ ।

## १२.छुट्टै खाता खोल्नु पर्नेः

१) लैङ्गिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखत बाट हुनेछ ।

**१३.कोषको लेखा र लेखापरिक्षणः**

१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिमको राखिनेछ ।

२) कोषको लेखापरिक्षण महालेखापरिक्षक बाट हुनेछ ।

**१४.आवर्ती (रिभल्भिङ) कोषः**

यो कोष आवर्ती (स्वरोजगारका

लागि व्यवसाय स्थापना अनुदान रकम) कोषको रुपमा रहनेछ र स्थानीय राहत तथा उद्दार समितिको सिफारिसमा परिचालन गरिनेछ ।

**१५.प्रतिवेदन पेश गर्नेः**

स्थानीय तत्काल उद्दार तथा राहत समितिले प्रत्येक ३ महिनामा भए गरेका काम कारबाहिको प्रतिवेदन नगरपालिकामा पेश गर्ने तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१६.बैठक भत्ताः**

स्थानीय तत्काल राहत तथा उद्दार समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा भाग लिएवापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१७.निर्देशन दिन सक्नेः**

१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपनियम १ बमोजिम दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१८.बाधा अड्काउ फुकाउनेः**

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१९.खारेजी र बचाउः**

यस कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**अनुसुची**

**दफा ११ को उपदफा १ सँग सम्वन्धित**

विषयः सहयोग उपलब्ध गराईपाँउ ।

श्री अध्यक्षज्यू,
स्थानीय तत्काल उद्दार तथा राहत समिति
रोल्पा नगरपालिका, रोल्पा ।

म.......................................मा बस्ने वर्ष.........को.............................मिति.....................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (..............................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/उद्दार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य............कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

**निवेदक**
नामथरः
ठेगानाः
दस्तखतः
मितिः

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत